**<u>मिति २०८१।०४।१६ गते बस्ने १५५औ कार्यपालिका बैठकका प्रस्तावहरु</u>**

१ आ.ब. २०८०।८१ का कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन र सेवा प्रवाहको समीक्षा ।
२ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाब कार्यान्वयन सम्वन्धमा ।
३ सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा ।
४ चमेनागृहको खाजा खानाको दररेट सम्वन्धमा ।
५ ठेक्काहरुको अनुमोदन सम्वन्धमा
६ मेलमिलापकर्ताको नविकरण।
७ सेवा करारमा कार्यरत कर्मचारीहरुको नविकरण सम्वन्धमा ।
८ स्वयंसेवक शिक्षक थप गर्ने सम्वन्धमा ।
९ उपभोक्ता समिति गठन सम्वन्धमा ।
१० स्थानीय दररेट स्वीकृति सम्बन्धमा ।
११ बिषयगत समिति पुनर्गठन सम्बन्धमा ।
१२ अटिजम विद्यालय सम्वन्धमा ।
१३ कृष्णप्रसाद पौडेलको बाटो निकास सम्वन्धमा ।
१४ स्वयंसेवक शिक्षकको कोटा थप सम्वन्धमा ।
१५ आर्थिक सहायता सम्बन्धमा आदि ।

**<u>निर्णयहरु</u>**

**<u>मिति २०८१/३/२५ गते बसेको १५४ औं कार्यपालिका बैठकको निर्णयहरु</u>**

**<u>निर्णय नं. १</u>**

गत आर्थिक बर्ष २०८०।८१ का १४ वटा कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन र सेवा प्रवाहको बिषयमा समीक्षा गरियो ।निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

**<u>निर्णय नं.२</u>**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् अनुमती दिनुभन्दा अघि वातावरणीय मूल्यांकन गर्नुपर्ने भनी परिपत्र गरेको र सरकारी र सार्वजनिक जग्गामा स्थायी संरचना बनाउनु पर्दा आफ्नो नाममा ल्याएर मात्र अनुमती दिने भनी परिपत्र गरेकाले उक्त दुबै परिपत्रलाई आत्मसाथ गरी आगामी दिनदेखी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u>**

नेपालको संविधानको भावना र विधमान कानूनहरुको आधारमा स्थानीय तहलाई स्थानीय तहभित्रको सार्वजनिक र सरकारी जग्गा संरक्षण गर्ने जिम्मेवारी दिएकाले यस बर्ष सार्वजनिक जग्गा संरक्षणको कार्यलाई प्रभावकारी बनाउने सर्वसम्मत निर्णय गरियो।

**<u>निर्णय नं. ४</u>**

यस नगरपालिकाको बोलपत्र मुल्यांकन समितिको निर्णय अनुसार चमेनागृहको घरभाडा वापत सबैभन्दा बढी रकम कवोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने र चमेना गृहको ठेक्कामा प्राप्त हुन आएको खाजा खानाको दररेटहरु मध्ये न्यून दररेट पेश गर्ने ३ वटा फर्मले पेश गरेको रेटलाई ३ ले भाग गरी आउने सरदर रेट भन्दा बढी नहुने गरी घरभाडा बापत सबैभन्दा बढी कबोल गर्ने बोलपत्र दाताले पेश गरेको खाजा खानाको दररेटलाई नै स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ५</u>**

रत्ननगर नगरपालिकाको बोलपत्र मुल्यांकन समितिबाट मूल्यांकन भइ पेश हुन आएका कवाडी तथा जीवजन्तु कर र पत्रपत्रिकाको दररेट र वडा नं २ मा रहने पार्किङ्गको ठेक्का स्वीकृत तथा अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६**

यस नगरपालिकाको न्यायिक समिति मार्फत नगर मेलमिलाप समिति र वडाका मेलमिलाप समितिमा रहेका मेलमिलापकर्ताहरु मध्ये निवेदनको म्यादभित्र नविकरणका लागि निवेदन पेश गरेका मेलमिलापकर्ताहरुको मात्र चालु आ ब २०८१।८२ का लागि पनि म्याद नविकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७**

करार सेवामा रहेका कर्मचारीहरुको म्याद सुशासन समितिको प्रतिवेदन अनुसार थप गर्ने निर्णय गरियो । सो प्रतिवेदनमा म्याद थप नगर्ने भनी सिफारिश भएका कर्मचारीहरुको हकमा म्याद थप नगर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८**

रत्ननगर नगरपालिकाभित्र चालु आ ब २०८१।८२ मा उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने योजनाहरुको उपभोक्ता समिति २०८१ भाद्र मसान्तसम्म गठन गरिसक्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९**

यस नगरपालिकाको योजना तथा पूर्वाधार शाखाले पेश गरेको चालु आ ब २०८१।८२ को लागि पेश गरेको स्थानीय दररेट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१०**

रत्ननगर नगरपालिकामा रहेका ५ वटै बिषयगत समितिहरु (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातारण तथा विपद व्यवस्थापन र संस्थागत विकास समिति) पुनर्गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११**

नगरपालिका क्षेत्रभित्र अटिज्जम भएका बालवालिकको संख्या दिन प्रतिदिन बढीरहेको देखिएकाले त्यस्ता विद्यार्थीहरुलाई मध्येनजर गरी यस नगरपालिकाको वडा नं १३ मा रहेको अमिलिया विद्यालयमा अटिज्जम कक्षा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिका वडा नं १३ निवासी कृष्ण प्रसाद पौडेलले नगरपालिकाको वडा नं १३ सँग रहेको जग्गा खरीद गरिदिने वा आफ्नो जग्गामा आवत जावत गर्न निकास दिन निवेदन पेश गर्नुभएकोमा वडाको लागि थप जग्गा आवश्यक नपर्ने भएकाले खरीद गर्न आवश्यक नदेखिएको र निकाशको लागि पनि सरकारी जग्गाबाट सदैव निजी व्यक्ति बिशेषलाई निकास दिन कानूनी कठिनाइ हुने भएकाले सोही व्यहोरा अवगत गराउने निर्णय गरियो ।

**निर्णय नं. १३ स्वयंसेवक शिक्षक**

यस नगरपालिकाका विभिन्न विद्यालयमा हाल गरिएको अनुगमनले शिक्षक विद्यार्थी अनुपात, बिषयगत शिक्षकको आवश्यकता लगायत विद्यालयमा गुणस्तरीय सिकाइ उपलब्धि हासिल गर्न गराउन स्वयंसेवक शिक्षक आवश्यक परेमा हाल भइरहेको कोटामा थप गरी थप स्वयंसेवक शिक्षक उपलब्ध गराउने निर्णय गरियो ।

क्रमशः